प्रेस विज्ञप्ति – २०६५ फागुन २५

**प्रत्यक्ष रेडियो प्रसारणद्वारा मध्य तराईका महिला पत्रकार तथा मानवअधिकार रक्षकका काम तथा चुनौतीहरूमाथि प्रकाश पारियो**

अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८)को अवसरमा उच्चायुक्तको कार्यालय-नेपाल, युनेस्को, नेपाल पत्रकार महासङ्घ (केन्द्रीय समिति) तथा कम्युनिकेसन कर्नरले मध्य तराईका महिला पत्रकार तथा मानवअधिकार रक्षकहरूले गर्ने कार्यको महत्त्वमाथि प्रकाश पार्नका लागि प्रत्यक्ष रेडियो प्रसारणको आयोजना गरे। सामाजिक, साँस्कृतिक, आर्थिक तथा सुरक्षासम्बन्धी चुनौतीहरूका बाबजुद यी महिलाहरू, प्राय: कठिन परिस्थितिमा, मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यमा बढ्दो मात्रामा सहभागी बनिरहेका छन्।

महिलाहरूले लामो समयदेखि सक्रियरूपमा आफ्ना समुदायहरूप्रति योगदान पुऱ्याउँदै आएका छन् तर तिनका कार्यलाई सधैं उपयुक्त मान्यता दिइएको छैन। महिला पत्रकार तथा मानवअधिकार रक्षकहरूले गर्ने कामले नेपालमा महिलाको अवस्थाप्रति ध्यानाकर्षण गराउन मद्दत पुऱ्याउँछ जसले उनीहरूलाई विशेषगरी महिलाले सामना गर्नुपर्ने समस्यालाई प्रभावकारी ढङ्गले सम्बोधन गर्न सक्षम बनाउँछ।

महिला पत्रकार तथा मानवअधिकार रक्षकहरूको शान्ति प्रक्रिया तथा नयाँ नेपालको निर्माणमा महत्त्वपूर्ण भूमिका हुन्छ। सार्वजनिक मामिलामा समावेश हुन र प्रतिनिधित्व गर्न तथा तिनमा सहभागी बन्न चाहने सबै महिलाका लागि उनीहरू नमुना हुन्।

महिलालाई सम्मान गर्न र सबै नेपालीका अधिकार तथा स्वतन्त्रताहरूको सम्मान गरिने वातावरण बनाउनमा महिला पत्रकार तथा मानवअधिकार रक्षकहरूलाई सहयोग गर्न हामी सबै पात्रलाई आह्वान गर्दछौं।

**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510 16922 (mobile), mlogan@ohchr.org, or Chun Gurung, tel: 4280164, ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**